जैमिनी नगरपालिका
Jaimini Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मीसेरा, बागलुङ (Kushmisera, Baglung)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


पत्र संख्या: ०८१।०८२
चलानी नं.

सूचना प्रकाशन मितिः२०८१/०९/२१
ने.सं.१४४५पोहेलाथ्व, षष्ठी

सूचना नः ०५/२०८१-०८२

**विषयः स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ बमोजिम तह कायम, तहवृद्धि र स्तरवृद्धि गर्ने सम्बन्धी सूचना ।**

गण्डकी प्रदेशबाट जारी गरिएको स्थानीय सेवा गठन तथा संचालन ऐन २०७९ को दफा ९,२७ र ३९ मा भएको क्रमशः तह कायम /तह वृद्धि र स्तर वृद्धिको व्यवस्था बमोजिम तपशिलका उल्लेखित सर्तहरु पुरा भएका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले जैमिनी नगरपालिकाको वेवसाइट https;//jaiminimun.gov.np मा राखिएको तह कायम /तह वृद्धि र स्तर वृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालयको कार्यालय प्रमुख वा निजले तोकको कम्तिमा नवौ तहको अधीकृत कर्मचारीबाट प्रमाणित गराई दुई प्रती तयार गरी मिति २०८१।१०।०६ गते भित्र यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संगलन नभएका आवेदनलाई तह कायम/तह वृद्धी र स्तर वृद्धि प्रक्रियामा सामेल नगराईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

१. स्थानीय सेवाका स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीहरुको हकमा

- सहाकस्तर पाँचौ, अधिकृतस्तर छैठौं, आठौ र दशौ तह (प्राविधीक/ अप्राविधीक) को पदमा हुने तह कायम/तह वृद्धि र स्तर वृद्धिको लागि क्रमशः सहायकस्तर चौथो, सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौ, अधिकृतस्तर नवौ तहको पदमा पाँच वर्ष सेवा अवधी पुरा भएको हुनुपर्नेछ ।
- सहाकस्तर पाँचौ, अधिकृतस्तर छैठौं, आठौं र दशौं तह (प्राविधीक/ अप्राविधीक) को पदमा हुने तह कायम/तह वृद्धी र स्तर वृद्धीको लागि क्रमशः सहायकस्तर चौथो, सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौ र अधिकृतस्तर नवौं तहको पदको पछिल्लो पाँच वर्षको कार्यसम्पादन मुल्याङकनमा कम्तिमा ९५ वा सो भन्दा बढी प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

हरि बहादुर भुसाल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
Jaimini Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मीसेरा, बागलुङ (Kushmisera, Baglung)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या: ०८१।०८२
चलानी नं.

- स्थानीय तह स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम तह वृद्धी गरिनेछ ।

| क्र.सं. | हालको तह | वृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नुपर्ने अवधि | पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मुल्याङ्कनमा प्राप्त गर्नुपर्ने अंक |
|---|---|---|---|---|
| १ | चौथो | पाँचौ | पाँचौ वर्ष | कम्तिमा उत्तम |
| २ | पाँचौ<br>क) शुरु नियुक्ति वा पाँचौ तहमा तहवृद्धि भई सो तहको लागि न्युनतम शैक्षिक योग्यता पुरा भएका | छैठौ | पाँच वर्ष | कम्तिमा उत्तम |
| | पाँचौ<br>ख) पाँचौ तहमा स्तरवृद्धि भएका मध्ये सो तहका लागि न्युनतम शैक्षिक योग्यता नभएका | छैठौ | आठ वर्ष | कम्तिमा उत्तम |
| ३ | छैठौ<br>(पाँचौ तहमा शुरु नियुक्ती भई छैठौ तहमा तहवृद्धि भएका) | सातौ | आठ वर्ष | कम्तिमा उत्तम |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
Jaimini Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मीसेरा, बागलुङ (Kushmisera, Baglung)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या: ०८१।०८२
चलानी नं.

| | | | | |
|---|---|---|---|---|
| ४ | सातौ (सातौ तहमा शुरु नियुक्ती भएका) | आठौ | पाँच वर्ष | कम्तिमा उत्तम |
| ५ | नवौ | दशौ | पाँच वर्ष | कम्तिमा उत्तम |

२. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय सेवाका स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमाः:-

- स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनको दफा २७ को उपदफा (३) बमोजिम संघिय कानुन (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा, शर्त र अवधी पुरा भएको हुनुपर्नेछ ।
- स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिमको स्तरवृद्धि लागि आवश्यक पर्ने कागजात संलग्न गर्नुपर्ने ।
- स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सुचीमा नपरेको हुनुपर्नेछ ।
- स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको कार्यालय प्रमुखबाट प्रमाणित सिफारिस पत्र (साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एंव अवधि खुल्ने कागजातहरुः- **कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारीको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ)**

३. **स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरणः-**

- आवेदन फारमको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनुपर्नेछ ।
- शुरु नियुक्ती पत्रको प्रमाणित प्रतिलिपी
- तह कायम/तह वृद्धि/स्तर वृद्धि हुने पद भन्दा एक तह मुनीको पद वा श्रेणीमा भएको स्थायी नियुक्ती तह कायम/तह वृद्धि/स्तर वृद्धिको प्रमाणित प्रतिलिपी

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
Jaimini Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मीसेरा, बागलुङ (Kushmisera, Baglung)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या: ०८१।०८२
चलानी नं.

- तह कायम/तह वृद्धि/स्तर वृद्धि हुने पद भन्दा एक तह मुनीको पद वा श्रेणीमा भएको स्थायी नियुक्ती तह कायम/तह वृद्धि/स्तर वृद्धिको प्रमाणित प्रतिलिपी
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम जैमिनी नगरपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापनाको प्रमाणित प्रतिलिपी
- अद्यावधिक कर्मचारिको विवरण (PIS)

पुनश्चः-

सेवा अवधि गणना गर्दा समायोजन हनुपूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ती भई कार्य गरेको अवधी समेतलाई गणना गरिनेछ ।

- अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

२०८१/५/२९

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६८-४२११००, ४२११०१ इमेलः jaiminimun@gmail.com वेभसाइटः https://jaiminimun.gov.np